☎०७८-४१०१२७
०७८-४१०१२४

# मध्यबिन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी
४ नं. प्रदेश, नेपाल

प.सं.: ०७४/०७५
च.नं.: ८५१

मिति: २०७४/११/१५

**श्री ....... नं वडा कार्यालय (१-१५ सबै)**

**मध्यविन्दु नगरपालिका ।**

**विषय:- सरसफाई अभियानलाई दीगो रुपमा निरन्तरता दिने सम्वन्धमा ।**

६८ औं राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा नगर स्तरीय सरसफाई कार्यक्रम अन्तर्गत वडा तथा पूर्व -पश्चिम राजमार्ग सरसफाईमा यहाँको वडावाट उत्साहजनक सहभागिता जनाई राष्ट्रिय स्तरमा देशभर सन्देश दिन सफल भएकोमा हामी सम्पूर्ण नगरवासीहरु गौरवान्वित भएका छौ । आगामी दिनहरुमा नगरपालिकालाई पूर्णरुपमा सफा ,स्वच्छ र हरियालीयुक्त बनाउन विभिन्न साझेदार संस्थाहरुसंगको सहकार्यमा थप परिस्कृत कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिएकोले सरसफाई अभियानलाई दीगो रुपमा सफल पार्न तहाँ वडा कार्यालयहरुबाट तपसिलका सरसफाई तथा जनचेतनामूलक कार्यक्रमका सञ्चालनका लागी आवश्यक व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

२०७४/११/१५

घनश्याम गाहा
शाखा अधिकृत

तपसिल

१)सामुदायिक वन उपभोक्ता संस्थाहरुलाई आफ्नो क्षेत्र भित्र पर्ने पूर्व - पश्चिम राजमार्ग सरसफाईलाई निरन्तरता दिने ।

२) राजमार्गको आवश्यक स्थानहरुमा फोहरमैला विर्सजनका लागी रिङ्गको व्यस्थापन र सोको सरसफाईको व्यवस्था वन उपभोक्ता समितिबाट नियमित रुपमा हुने व्यवस्था मिलाउने ।

३)आमा समुह,टोल विकास समिति लगायत सरोकारवालाहरु मार्फत समय तालिका सहितको सरसफाई सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने ।

३)वडामा रहेका सार्वजनिकस्थल, विद्यालय क्षेत्र ,खानेपानीको मुहान क्षेत्रको सरसफाईलाई संस्थाका पदाधिकारी सहितको उपस्थितिमा समय तालिका सहित नियमित सरसफाई कार्यक्रममा विशेष जोड दिने ।

४)सडकको दायाँवायाँ मध्यम खालका रुखहरुको वृक्षारोपण गरी हरियाली बनाउने खालका योजनाहरु सञ्चालन गर्ने ।

५)घर आँगनमा मौसमी फुल सहितको गमला तथा साना फूलबारी बनाउने कार्यक्रम सञ्चालन गर्ने ।

६)वडाका निर्वाचित पदाधिकारीहरु मध्येबाट एक जनालाई सरसफाई सम्वन्धी जिम्मेवारी तोकी सोको जानकारी नगरपालिकालाई दिने ।

६)वडा कार्यालयबाट नियमित रुपमा अनुगमन गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

घनश्याम गाहा
शाखा अधिकृत

ईमेल :madhyabindumunicipality@gmail.com , info@madhyabindumun.gov.np